annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३ पृष्ठ ८ | काठमाडौं, शनिबार २० वैशाख २०८२ | वैशाख शुक्लपक्ष षष्ठी नेपाल संवत् ११४५ | SATURDAY, MAY 3, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

### सरकारको नीति तथा कार्यक्रम

# प्रणालीविरुद्ध गतिविधिको प्रतिवाद, संविधान संशोधनको प्रतिबद्धता


एमाले-कांग्रेस नेतृत्वको सरकारले संघीय लोकतान्त्रिक गणतन्त्रविरुद्ध गतिविधिको प्रतिवाद गर्दै आर्थिक विकास, संविधान निर्माण र लोकतान्त्रिक गणतन्त्रको रक्षामा कटिबद्ध हुने प्रतिबद्धता जनाएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार सरकारको वार्षिक नीति तथा कार्यक्रम संसद्मा प्रस्तुत गरेका हुन्।

समाचार पृष्ठ २

**सुरेन्द्र काफ्ले / ममता थापा** | *काठमाडौं*

**- को रिपोर्ट**

- संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाविरुद्ध हुने कुनै पनि प्रकृतिका प्रतिगामी-पुनरुत्थानवादी अराजक गतिविधिको प्रतिवाद गर्ने।
- सहमतिको आधारमा संशोधनको प्रक्रिया अघि बढाउने।
- इन्टर्नलाई पनि स्टार्टअपमा संलग्न गर्न कार्य घण्टामा आधारित ज्याला प्रणाली लागू गरिने
- योगदानमा आधारित सामाजिक सुरक्षालाई अनिवार्य गरिने।
- आगामी दशकलाई आन्तरिक रोजगारी दशकका रूपमा मनाइने
- फजुल खर्च रोक्न अनावश्यक संरचना खारेज गर्ने, गाभ्ने र हस्तान्तरण गर्ने
- सार्वजनिक सेवालाई प्रभावकारी बनाउन 'फेसलेस सेवा'को विस्तार गर्ने
- नागरिक एपलाई सेवा प्रदान गर्ने मुख्य डिजिटल उपकरणको रूपमा विकास गरी सम्भव भएसम्मका सबै सेवा अनलाइन गर्ने
- विद्यालय शिक्षा, संघीय निजामती सेवालगायत ९ विधेयक यही अधिवेशनबाट पारित गर्ने



- संस्थागत एवं सामुदायिक विद्यालयका पाठ्यक्रममा एकरूपता ल्याइने
- बढीमा हप्तामा २० घण्टा कामको न्यूनतम ज्याला निश्चित गरी 'कमाउँदै-पढ्दै'को नीति लागू गरिने
- 'निरोगी नेपाल अभियान' अन्तर्गत प्रतिकारात्मक र उपचारात्मक दुवै विधि अपनाई चिकित्सा प्रणालीका सबै पक्षको विकास गरिने
- सातै प्रदेशमा सघन जलन उपचार र मुटु रोग सेवा विस्तार गरिने
- क्यान्सर तथा मिर्गौला प्रत्यारोपण उपचारको सेवा प्रदेशस्तरमा विस्तार गरिने
- पाठेघर क्यान्सरको एचपीभी खोप र १४ वर्षमुनिका बालबालिकाका लागि नि:शुल्क क्यान्सर उपचार सेवा उपलब्ध गराइने
- जनसंख्या वृद्धिदरलाई पुनर्स्थापना दरभन्दा कम हुन नदिने गरी जनसंख्या नीति तर्जुमा गरिने
- 'सबैसँग मित्रता, छैन कसैसँग शत्रुता'को मान्यता अनुरूप सार्वभौमिक समानताका आधारमा सबै राष्ट्रसँग सम्बन्ध विस्तार गरिने

## भित्री पृष्ठ



ऐतिहासिक विरासत - पृष्ठ ३



त्यो बझाङ विद्रोह - पृष्ठ ४



जगत्का विकृति, जीवनका विसंगति - पृष्ठ ५



'उद्यमशीलताको वातावरण सरकारले बनाउनुपर्छ' - पृष्ठ ७

# विद्युत् प्राधिकरण घाटामा, के हो सत्य ?




**सुनिता कार्की** | *काठमाडौं*

- नाफा नोक्सान गणना गर्दा ५ अर्ब २६ करोड नोक्सानीमै रहेको श्वेतपत्रले स्पष्ट पारेको छ।
- करिब २ खर्ब २० अर्ब बराबरका निर्माणाधीन आयोजनाहरू रहेका छन्।

गत बर्ष नेपाल विद्युत प्राधिकरणका निवर्तमान कार्यकारी निर्देशक कुलमान घिसिङको दाबी थियो- विद्युत् प्राधिकरण १३ अर्ब ६१ करोड रुपैयाँ नाफामा छ।' प्राधिकरणलाई नाफामा देखाउँदै घिसिङले सर्वसाधारणमा आईपीओ जारी गर्ने उद्घोष गरेका थिए। तर, प्राधिकरणका नयाँ कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले शुक्रबार श्वेतपत्र जारी गर्दै प्राधिकरण घाटामा रहेको तथ्यांक सार्वजनिक गरे। त्यो पनि, ५ अर्ब २६ करोड रुपैयाँ नोक्सानी। प्राधिकरणका कार्यकारी निर्देशक शाक्यले घाटामा रहेको विवरण सार्वजनिक गरे।

जबकि घिसिङले आर्थिक वर्ष २०७२/७३ मा ८ अर्ब ८९ करोड रुपैयाँ खुद नोक्सानीमा रहेको प्राधिकरण त्यसयता नाफामा गएको दाबी गर्दै आएका थिए। विद्युत् बिक्री, ब्याज तथा अन्य आम्दानी बढ्दा नाफा बढेको बताउँदै आएका थिए। यसबीचमा अधिकांश समय प्राधिकरणका कार्यकारी निर्देशक घिसिङ नै थिए।

२०७२/०७३ मा ३४ अर्ब ६१ करोड रुपैयाँ सञ्चित घाटामा रहेको प्राधिकरण गत आर्थिक वर्ष ४७ अर्ब ४१ करोड रुपैयाँ सञ्चित नाफामा पुगेको कुलमान हुँदाको प्रतिवेदनमा भनिएको थियो। इक्रा नेपालले गरेको क्रेडिट रेटिङमा प्राधिकरणले निरन्तर 'डबल ए प्लस' रेटिङ दिइरहेकोले पनि प्राधिकरण आफ्नो वित्तीय तथा आर्थिक दायित्व ढुक्कसँग बहन गर्न सक्ने क्षमतामा देखिएको कुलमान हुँदाको प्रतिवेदनमा उल्लेख छ।

आर्थिक वर्ष ०८०/०८१ सम्म प्राधिकरणको कुल सञ्चित नाफा करिब ४६ अर्ब ४७ करोड रहेको छ भने चालु आर्थिक वर्षको फागुन मसान्तसम्म नाफा ९ अर्ब ४८ करोड छ। तर आयकर ऐनको प्रावधानअनुसार थप ह्रासकट्टीको दाबीसहितको नाफा नोक्सान गणना गर्दा हालसम्म ५ अर्ब २६ करोड नोक्सानीमै रहेको श्वेतपत्रले स्पष्ट पारेको छ।

प्राधिकरणको नाफा/नोक्सानीका सम्बन्धमा महालेखा परीक्षकको कार्यालयको पछिल्लो प्रतिवेदनले ७ अर्ब १९ करोड खर्च नलेखेको र ४ अर्ब ७२ करोड रुपैयाँ आम्दानी बढी लेखांकन गरेको उल्लेख गरेको छ। २९ करोड ९१ लाख आम्दानी नबाँधेको देखिन्छ। अघिल्लो आर्थिक वर्षमा देखाएको हिसाबमा थप समायोजन गरी नाफा नोक्सान कायम गर्नुपर्ने देखिन्छ। यसमा सम्भावित दायित्वसमेत बापत हुन आउने नोक्सानी संलग्न छैन। यही विषयलाई सम्बोधन गर्न प्राधिकरणले ड्युई डिलिजेन्स अडिट (डीडीए) को प्रक्रिया अगाडि बढाउने श्वेतपत्रमा भनिएको छ। महालेखाको प्रतिवेदनमा औंल्याइएको कैफियत र प्राधिकरणले तयार गरेको वासलात तथा नाफा नोक्सान विवरणमा फरक देखिएको छ। 'वास्तविक आर्थिक अवस्था पहिचान गर्ने र तथ्यांकको विश्वसनियता कायम गर्नका लागि प्राधिकरणको वित्तीय, प्राविधिक तथा व्यवस्थापकीय पक्षहरूको विस्तृत मूल्यांकनलगायत सम्पत्ति तथा दायित्वको यथार्थ अवस्था सुनिश्चित गर्नका लागि ड्युई डिलिजेन्स अडिट (डीडीए) को प्रक्रिया अगाडि बढाइनेछ। यसरी गरिएको डीडीएपश्चात् प्राप्त वास्तविक वित्तीय विवरणसहितको प्रतिवेदन यस श्वेतपत्रको अनुक्रममा जारी गरिनेछ,' श्वेतपत्रमा भनिएको छ।

२०८०/०८१ सम्ममा प्राधिकरणको कुल सम्पत्ति करिब ६ खर्ब ४४ अर्ब र स्थिर सम्पत्ति २ खर्ब ३५ अर्ब रहेको छ। करिब २ खर्ब २० अर्ब बराबरका निर्माणाधीन आयोजनाहरू रहेका र यी आयोजनाहरूलाई यथाशीघ्र सम्पन्न गरी यसको प्रतिफल प्राप्त गर्ने अपेक्षा गरिएको छ। आयोजना ठेक्कापट्टामा दिएको भुक्तानीका लागि प्राधिकरणले १० अर्बसम्म अल्पकालीन ऋण लिने शाक्यले जानकारी दिए। चालु आर्थिक वर्षको फागुन मसान्तसम्म भएको ठेक्कापट्टाअन्तर्गत भुक्तानी हुन ११ अर्ब ६१ करोड रहेको रहेको छ। हालसम्म प्राधिकरणको केन्द्रीय कोषमा मौज्दात रहेको करिब १० अर्ब १० करोड रकममध्ये डलर/ने.रु. मुद्दती खातामा ३ अर्ब ६८ करोड र धरौटी खातामा ३ अर्ब ९५ करोड रहेको छ। २ अर्ब ४७ करोड कल/चालु खातामा रहेको छ जुन दैनिक सञ्चालनको लागि न्यूनतम जगेडा हो। निर्माणकार्यको बाँकी भुक्तानीको लागि जगेडा नरहेको हुँदा १० अर्बसम्म अल्पकालीन ऋण लिने प्रक्रिया अगाडि बढाइएको उनले बताए।

यस्तै, नेपाल सरकारलाई भुक्तानी गर्नुपर्ने ऋणको ब्याज २९ अर्ब ५ करोड र टनकपुर विद्युत्बापत ३ अर्ब गरी कुल ३२ अर्ब ५ करोड दायित्व बाँकी रहेको छ।

» बाँकी पृष्ठ ६

# भारतको किट विश्वविद्यालयमा फेरि नेपाली छात्रा मृत भेटिइन्




**क्रान्ति साह** | *वीरगन्ज*

किट विश्वविद्यालयमा बीटेक सीएसईको पहिलो वर्षमा अध्ययनरत १९ वर्षीया प्रिशा साह विश्वविद्यालयकै 'क्वी सी ४' छात्रावासको कोठामा बिहीबार साँझ झुन्डिएको अवस्थामा मृत भेटिएकी हुन्।

भारतको ओडिसा राज्यस्थित भुवनेश्वरमा रहेको कलिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोली (केआईआईटी) विश्वविद्यालयमा बिहीबार साँझ फेरि अर्की नेपाली छात्रा मृत भेटिएकी छन्।

किट विश्वविद्यालयमा बीटेक सीएसईको पहिलो वर्षमा अध्ययनरत १९ वर्षीया प्रिशा साह विश्वविद्यालयकै 'क्वी सी ४' छात्रावासको कोठामा बिहीबार साँझ झुन्डिएको अवस्थामा मृत भेटिएकी हुन्। साह वीरगन्ज महानगरपालिका वडा नम्बर १५ भिस्वा निवासी श्याम साहकी छोरी हुन्। साहको स्थायी घर भने सर्लाहीको मलंगवा हो।

मृतक प्रिशाका भाइ गौरव साहले बिहीबार राति ९ बजेतिर कलेज प्रशासनले घरमा फोन गरेर प्रिशाको मृत्युबारे जानकारी दिएको बताए। गौरबका अनुसार बिहीबार दिउँसो ३ बजेतिर कलेजबाट प्रिशाले घरमा फोन गरेर आफू मे १८ तारिखमा बिदामा घर आउने जानकारी गराएकी थिइन्। प्रिशा एक वर्षअघि बीटेक अध्ययनका लागि किट विश्वविद्यालयमा अध्ययन गर्न गएको भाइ गौरवले बताए।

विश्वविद्यालयमा बीटेक पहिलो वर्षमा अध्ययनरत छात्रा साह झुन्डिएर मृत अवस्थामा भेटिएको भारतको दिल्लीस्थित नेपाली दूतावासले पनि पुष्टि गरेको छ। कलेज प्रशासनले घटनाबारे नेपालमा रहेका मृतकका परिवारजनलाई खबर गरिसकेको र उनीहरू कलेजमा आएपछि मात्रै शवको पोस्टमार्टम गरिने जानकारी गराएको नेपाली दूतावासले जनाएको छ।

यसअघि गत फागुनमा बुटवलकी छात्रा २० वर्षीया प्रकृति लम्सालको त्यही विश्वविद्यालयमा झुन्डिएको अवस्थामा शव भेटिएको थियो। त्यसबेला विश्वविद्यालयको लापरबाहीले प्रकृतिको मृत्यु भएको भन्दै नेपाली विद्यार्थीले आन्दोलन गरेपछि विश्वविद्यालयका कर्मचारी र सुरक्षागार्डहरूले नेपाली विद्यार्थीलाई कुटपिट गर्दै विश्वविद्यालयबाट निकालेर धपाएका थिए। त्यहाँबाट कुटपिट गरेर धपाइएका पाँच सय बढी विद्यार्थी वीरगन्ज नाका हुँदै घर फर्किएका थिए।

त्यसको चौतर्फी आलोचना र विरोध भएपछि विश्वविद्यालयले माफी मागेर नेपाली विद्यार्थीलाई क्याम्पस फर्किन आह्वान गरेको थियो। प्रकृति लम्सालको मृत्युको घटनामा एक जनालाई पक्राउ गरी अनुसन्धान भइरहेको छ। ओडिसा राज्य सरकारले समेत उक्त घटनाको उच्चस्तरीय समिति बनाएर छानबिन गरेको थियो।